गन्यापधुरा गाउपालिका
# गाउ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## शिलवन्दी बोलपत्र आव्हानको सूचना

**मिति : २०७५/११/२८**

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा ७ नं. प्रदेश, नेपाल

१. यस गाउँपालिका कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्यहरु शिलवन्दी बोलपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | कुल ल.ई.रकम रु. ( मु.अ. कर वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|
| GDRM/DAD/NCB/Works/ 01/2075/076 | Construction of Road side Drainage, Ganyapdhura Rural Municipality-2 Badal, Ganeshpur | ५१,०४,५६०.१० | १,६०,२००.०० |
| GDRM/DAD/NCB/Works/ 02/2075/076 | Construction of Badal Manch Parapate,Boundary wall & Retaining wall, Ganyapdhura Rural Municipality -2 Badal, Ganeshapur | ५१,२६,७३४.३५ | १,६०,४००.०० |

२. बोलपत्र खरिद, दाखिला, खोलिने अन्तिम समय सीमा र स्थान
बोलपत्र खरिद मिति/समय : २०७५.१२.२७/१७.०० बजे सम्म, दाखिला मिति/समय : २०७५.१२.२८/१२.०० बजे, खोलिने मिति/समय : २०७५.१२.२८/१४.०० बजे, स्थान गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर,डडेल्धुरा ।

३. प्रत्येक बोलपत्र कागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले नियमानुसारको कागजात वापत रु.३०००। को दस्तुर तिरेको रसिद पेश गरी निवेदन साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व.०७४।७५ को कर चुक्ताको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात नोटरी पब्लिकवाट प्रमाणित गरेको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. बोलपत्र खरिद गरिने वा बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५. बोलपत्रको खाम वाहिर बोलपत्र नम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट उल्लेख गरी यस गाउपालिका कार्यालयलाइ सम्बोधन गरी सो खामलाइ शिलबन्दी गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र खोलिएको मितिवाट ९० दिन अवधीको लागि मान्य हुनेछ ।

६. बोलपत्रसाथ बोलपत्र जमानत वापत माथी उल्लेख भए बमोजिमको रकम गन्यापधुरा गाउँपालिकाको कार्यालयको धरौटी खाता नं. ४०२०३०३००७१०६ मा जम्मा गर्ने वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० म्याद भएको (२०७६/०३/३०) बोलपत्र जमानत (Bid Security) बोलपत्र कागजातमा तोकिएको ढांचामा पेश गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

८. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

९. बोलपत्रदाताले निर्माणस्थल र कार्यको सम्बन्धमा राम्ररी बुझी बोलपत्र पेश गरेको मानिने छ ।

१०, कुनै शर्त राखी पेश गरेको, कार्यालयवाट उपलब्ध गराइएको बोलपत्र कागजातमा कुनै थपघट गरिएको, रित नपुगेको म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

११. अन्य विस्तृत विवरण बोलपत्र कागजातमा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिकखरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३. अन्य जानकारी आवश्यक भएमा यस गाउपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

---

**सम्पर्क मो. नं. : ९८५८७८८७०७,९८५८७५२२७२,९८६५९८९९२०,९८५८७५१६३३**

**प्रमुख प्रशासकीय अधिकृत**